# नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि २०७५

महाकाली नगरपालिका,
खलंगा दार्चुला
सुदूरपश्चिम प्रदेश

## प्रस्तावना

फोहरमैलालाई श्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न नेपाल सरकारले "फोहरमैला व्यवस्थापन ऐन, २०६८" जारी गरी उक्त ऐनको दफा ३ ले फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने, फोहरमैला सङ्कलन केन्द्र, प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको शिलसिलामा जम्मा भएको फोहरमैलाको प्रबन्ध गर्ने वा फोहरमैलाको कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था गरेको छ । नगरपालिकाले नगर क्षेत्रको वातावरणलाई संरक्षण र प्रवर्द्धन गर्न प्रयाप्त लगानी गर्नु पर्ने अवस्थामा तत्काल लगानी गर्न सम्भव नभएको अवस्था देखिन्छ । नगरपालिका अन्तरगत संचालन हुने हरेक गतिविधिहरुलाई वातावरणमैत्री बनाउन नगरपालिकामा वातावरण तथा जलवायु अनुकूलन गर्न वातावरण व्यवस्थापन विशेष कोषको स्थापना गर्नु पर्ने देखिन्छ ।

महाकाली नगरपालिका नयाँ नगरपालिकाको रुपमा स्थापना भएको र तत्काल फोहरमैला व्यवस्थापनका कार्यहरु नगरेमा कालान्तरमा जनसंख्याको चाप र विकास गतिविधिहरुको बृद्धि सँगै फोहरमैला व्यवस्थापन चुनौतिको रुपमा देखिने अवश्यम्भावी भएको र दिन प्रतिदिन बढदै गएको प्लाष्टिकजन्य फोहरमैलाले नगरको समग्र वातावरण र सुन्दरतामा प्रतिकुल प्रभाव पार्दै लैजाने कुरामा दुईमत छैन । त्यसैले नगरपालिका क्षेत्र भित्रको कुहिने तथा नकुहिने फोहरमैला व्यवस्थापन तथा प्लाष्टिकजन्य झोलाहरुको नियमन र व्यवस्थापन गर्न बान्छनीय भएकोले फोहरमैला व्यवस्थापन ऐनको दफा ५१ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिनमा रही महाकाली नगरपालिकाको नगरकार्यपालिकाको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागु गरिएकोछ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "महाकाली नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि २०७५" रहनेछ ।

(२) यो कार्यविधि महाकाली नगरपालिकाको नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले फोहरमैला व्यवस्थापन ऐन, २०६८ सम्झनु पर्छ।

(ख) "सरकार संचालन ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले फोहरमैला व्यवस्थापन नियमावली, २०७० सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले महाकाली नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले महाकाली नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(च) "प्रमुख" भन्नाले नेपालको संविधानको धारा २१६ बमोजिम महाकाली नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित नगरप्रमुख वा नगरप्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठन भएको व्यवस्थापन समिति सम्झनु पर्नेछ।

(ज) "कोष" भन्नाले कार्यविधिको दफा ११ बमोजिमको महाकाली नगरपालिकाको वातावरण व्यवस्थापन विशेष कोष सम्झनु पर्छ।

(झ) "सार्वजनिक नीजि साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र र नीजि क्षेत्रका बीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ।

(ञ) "स्वीपर" भन्नाले नगरपालिकाको सफाईकर्मी भई काम गर्न नियुक्त कर्मचारी सम्झनु पर्छ।

(ट) "अधिकार प्राप्त निकाय वा ब्यक्ति" भन्नाले यस कार्यविधिले तोकेको केहि वा सबै कार्यको कार्यान्वयनका निम्ति नगरपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनुका साथै यस शब्दले प्रमुख प्रशासकीय अधिकृतलाईलाई समेत जनाउनेछ।

(ठ) "टोलविकास संस्था" भन्नाले शहरी समाज परिचालनको माध्यमद्वारा निश्चित प्रक्रिया पुरा गरी स्थानीय स्तरका सबै घरधुरी सदस्य रहने गरी स्थापना भई नगरपालिकामा सुचिकृत भएका सामुदायिक संस्थालाई जनाउनेछ।

(ड) "नीजि क्षेत्र" भन्नाले नाफा कमाउने वा नकमाउने गरी स्थापना भएको कम्पनी वा टोलविकास संस्था वा क्लब वा सामाजिक संघ संस्था लगायत राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरु समेतलाई जनाउनेछ।

(ढ) "वातावरण भन्नाले" प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(ण) "प्रभावित क्षेत्र" भन्नाले फोहरमैला संकलन, विसर्जन, निष्काशन, प्रशोधन तथा ल्याण्डफिल साईट अन्तगरत पर्ने क्षेत्र सम्झनु पर्नेछ।

(त) "तोकिएको वा तोकिदिएको" भन्नाले वेला वेलामा वातावरण, जलबायू अनुकूलन र फोहरमैला व्यवस्थापनका सम्बन्धमा नगरपालिकाले निर्णय गरी तोकिएको वा तोकिदिएको बिषयलाई जनाउने छ।

## परिच्छेद- २

## व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**३. व्यवस्थापन समितिको गठन** : १) नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यमा आवश्यक नीति निर्माण, कार्यान्वयन र अनुगमन मुल्याङ्कन समेतको लागि देहाय अनुसारको एक व्यवस्थापन समिति गठन गरिनेछ ।

१. नगर प्रमुख — १ जना संयोजक
२. वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक — १ जना सदस्य
३. नगर कार्यपालिकाले मनोनयन गरेको कम्तिमा १ महिला सहित २ जना कार्यपालिका सदस्य — २ जना सदस्य
४. प्रमुख प्रशासकीय अधिकृत — १ जना सदस्य
५. महाकाली नगरपालिकाको उद्योग वाणिज्य संघको प्रतिनिधि — १ जना सदस्य
६. महाकाली नगरपालिकाको होटल व्यवसायी संघको प्रतिनिधि — १ जना सदस्य
७. जिल्ला प्रशासन कार्यालय प्रतिनिधि १ जना
८. ल्याण्डफिल साईटका टोल विकास संस्थाका सदस्यहरु मध्ये १ महिला सहित कार्यपालिकाले मनोनित गरेको — २ जना सदस्य
९. फोहरमैला संकलन गरिने क्षेत्रका टोलविकास संस्थाका सदस्यहरु मध्ये नगरकार्यपालिकाले छनौट गरेको १ जना सदस्य
१०. नगरपालिकाको वातावरण सरसफाई तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख १ जना सदस्य–सचिव

२) व्यवस्थापन समितिको बैठक सामान्यतया १ महिनामा एक पटक बस्नेछ । तर आवश्यकता महसुस भएमा जुनसुकै बेला पनि बोलाउन सकिनेछ ।

३) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४) व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार बिषय बिज्ञ आमन्त्रित गर्न सकिनेछ ।

**४) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) फोहरमैला व्यवस्थापन कार्यका लागि आवधिक तथा बार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने ।

२) फोहरमैला व्यवस्थापन कार्यका लागि चेतनामूलक कार्यक्रम तथा तालिमहरु संचालन गर्ने/गराउने ।

३) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य योजना अनुसार कार्य सम्पादन गर्ने ।

४) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाई युक्त क्षेत्र बनाउन आवश्यक पहल गर्ने ।

५) वर्गीकृत फोहरमैला मध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्राकृतिक फोहरलाई (3R -Reduce, Reuse & Recycle) को अवधारणा अनुसार फोहरमैला व्यवस्थापन गर्ने/गराउने ।

६) फोहरमैला व्यवस्थापनमा क्रमश: स्यानिटरी ल्याण्डफिल साईटको अवधारणा अनुसार कार्य गर्ने ।

2078/03/08

नगर प्रमुख

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय कञ्चनपुर सुदूर पश्चिम प्रदेश, नेपाल

७) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

८) फोहरमैला व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक कार्य गर्ने ।

९) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने, .

११) ल्याण्डफिल साइटको प्रभावित क्षेत्र पहिचान गरी त्यहाँका बासिन्दाहरुको लागि विशेष कार्यक्रम संचालन गर्ने ।

११ ) ल्याण्डफिल साइटलाई प्रदुषणशुन्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

१२) जैविक फोहरबाट कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

१३) फोहर व्यवस्थापनलाई पर्यटन प्रबर्द्धनको माध्यम बनाउन आवश्यक कार्यहरु गर्ने ।

१४) सोझै ल्याण्डफिल साईट सम्म ल्याउन कठिनाई हुने र लागत बढी हुने भएमा फोहरको अस्थायी व्यवस्थापनका लागि ट्रान्सफर स्टेसनको व्यवस्था गर्ने ।

१५) फोहरमैलाबाट बायोग्याँस जस्ता बैकल्पिक उर्जा उत्पादन गर्ने तर्फ आवश्यक पहल र व्यवस्था गर्ने ।

१६) फोहर संकलन र व्यवस्थापनको प्रभाव क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

१७) फोहरमैला व्यवस्थापनमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।

५) <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u> १. समितिले फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन, कार्य सुचारु रुपले सम्पादन गर्नका लागि आवश्यकता अनुसार बिषयसँग सम्बन्धित विशेषज्ञ, नगरपालिका कार्यालयका विभिन्न शाखाका प्रमुख, प्रभावित क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, फोहरमैला व्यवस्थापन सेवा क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य संघ समेतको सहभागि रहने गरी बिषयगत समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

## परिच्छेद ३

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था :

६. <u>कार्यविधिको पालना गर्नु सरोकारवाला सबैको कर्तव्य हुने</u> : १) नगरपालिकामा स्थायी वा अस्थायीरुपले बसोवास गर्ने, उद्योगी, व्यापारी, व्यवसाय गर्ने, अध्ययन, औषधोपचार, पर्यटन तथा व्यवसायीकरुपले आवत जावत गर्ने आदि सबैले फोहरमैला व्यवस्थापन सम्वन्धी देहाय बमोजिमको कार्यहरु अनिवार्य गर्नु पर्नेछ ।

क) उद्योग, ब्यापार व्यवसाय, पसल, भवन आदिबाट निस्कने फोहरलाई सार्वजनिक स्थल, सडक, सडक किनारा पेटी, सडक नाला, खाली स्थान, कुनाकाप्चा आदि स्थलमा फाल्न, राख्न, थुपार्न वा विसर्जन गर्न पाईनेछैन ।

ख) आ-आफ्नो घर, पसलका कुहिने प्रकृतिको फोहरलाई एउटा डष्टवीन (टोकरी) मा र नकुहिने प्रकृतिको फोहरलाई अर्को डष्टवीन (टोकरी) मा राखी नगरपालिकाको सरसफाई कर्मचारी वा साधन आए पछी जिम्मा लगाउनु पर्नेछ ।

ग) सरसफाई कर्मीहरुले टोल, सडक सफाई गरी गैसकेपछि कुनै पनि किसिमको फोहर घर, पसल वाहिर वा सार्वजनिक स्थलमा राख्न फ्याक्न, थुपार्न पाइनेछैन ।

घ) सडक वा अन्य सार्वजनिक स्थानमा दिशा पिसाव गर्न गराउन पाइनेछैन ।

ङ) तोकिएको स्थान भन्दा वाहेक सडक वा अन्य सार्वजनिक स्थानमा पसल राखी कुनै पनि किसिमको व्यवसाय गर्न पाईनेछैन ।

च) सडक वा अन्य सार्वजनिक स्थानमा सडेगलेका फलफूल, तरकारी, हाडखोर वा अन्य कुनै पनि चिजबस्तु फाल्न थुपार्न पाइनेछैन ।

छ) सेफ्टी ट्याङ्की वा शौचालयबाट निस्कने फोहर जथाभावी बाहिर वा ढलमा निश्कासन गर्न पाउनेछैन ।

ज) अस्पताल, नर्सिङ्गहोम, निजी क्लिनिक वा डिष्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहर सडक, वा अन्य सार्वजनिक ठाउँमा फाल्न, वा निश्कासन गर्न पाइनेछैन । त्यस्ता फोहरको सुरक्षीत तवरले अन्तिम निश्कासन गर्ने व्यवस्था सम्वन्धित निकायहरुले स्वयम्ले गर्नु पर्नेछ ।

झ) स्वास्थ्य केन्द्रका संक्रामक फोहरमैलाहरु अन्य फोहरहरु संग निश्कासन गर्न पाईनेछैन ।

ञ) औद्योगिक प्रतिष्ठान, उद्योगबाट निस्केका फोहर मैला जथाभावी फाल्न, राख्न वा निश्कासन गर्न पाईनेछैन । उद्योग खोल्दाको बखतको शर्त एवं वातावरण संरक्षण सम्वन्धि ऐन नियम कार्यविधिमा व्यवस्था भए बमोजिम त्यस्ता फोहरमैलालाई अन्तिम निश्कासन गर्ने व्यवस्था सम्वन्धित प्रतिष्ठान वा उद्योगले गर्नु पर्नेछ ।

ट) सार्वजनिक स्थल, सडक, नाला र भवनलाई असर पर्ने गरी निर्माण सामग्री, यातायातका साधन आदि राख्न पाइनेछैन ।

ठ) सार्वजनिक स्थल, सडक, नाला र भवनलाई अवरोध हुर्ने गरी चौपाया बाध्ने, चराउने, पगाहा लगाउने वा राख्न पाईनेछैन ।

२. उद्योग, पसल, घर, सार्वजनिक प्रतिष्ठान, सरकारी र गैरसरकारी प्रतिष्ठान, विद्यालयहरुलाई अनिवार्य रुपमा डष्टवीन(टोकरी) कन्टेनर वा कम्पोष्टवीन राख्न नगरपालिकाले अनिवार्य गर्नेछ ।

३. नगरपालिकाले संकलन भएको फोहरमैलालाई व्यवस्थित ढंगबाट विसर्जन गराई नगरपालिकाको सौन्दर्यता, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले सम्भाब्य र उपयुक्त ठहरिएको एक वा एक भन्दा बढी स्थानमा कम्पोष्ट चेम्वर, फोहर मैला स्थानान्तरण केन्द्र र अन्तिम निस्काशन स्थल (Land fill site) को व्यवस्था गर्न सक्ने छ ।

४. नगरपालिकाले संकलन भएको फोहर मैला तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी छुट्याई त्यस्को अन्तिम निष्काशनको समुचित व्यवस्था गर्नेछ ।

०७५/०३/०८

नगर प्रमुख

५. नगरपालिकाले निजी वा सार्वजनिक फोहरमैलाको कारणबाट मानव, पशुपंक्षी, बोटविरुवा वा अन्य तवरले प्राकृतिक सन्तुलनमा प्रतिकुल प्रभाव पर्ने गरी वा पारेमा वा पर्ने भएमा प्रदुषण निवारणको लागि आवश्यक व्यवस्था गर्नेछ ।

६. नगरपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी निजी वा सार्वजनिक क्षेत्रमा हानिकारक फोहर मैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै किसिमबाट संचय, निश्कासन वा नष्ट गर्न निषेध गर्न सक्नेछ ।

७. नगरपालिकाले नगरक्षेत्रमा फोहरमैला व्यवस्थित वा नियन्त्रण गर्ने कार्यको दैनिक रुपमा निरीक्षण गर्न वा आवश्यकता अनुसार निरीक्षण टोली खटाउन वा स्थानीय टोलविकास संस्थालाई जिम्मेवारी दिन सक्नेछ ।

८. नगरपालिकाले उपलब्ध गराएको सडक, फोहरमैला व्यवस्थापन तथा ढल निर्माण आदि सेवा उपयोग गर्ने उद्योग, व्यवसाय र नगरवासीहरुले नगरपालिकाले समय समयमा निर्धारण गरे बमोजिमको सेवा शुल्क बुझाउनु पर्नेछ ।

९. नगरपालिकाले नगरक्षेत्र भित्रका पुनः प्रयोग हुन सक्ने मालसामान संकलन गर्ने संकलनकर्ता (कवाडीवालालाई) प्रोत्साहित गर्न सक्नेछ ।

१०. वातावरण तथा सरसफाईलाई प्रतिकुल पर्ने गरी अनुसुची-१ बमोजिमको उद्योग ब्यापार ब्यवसाय संचालन गर्न रोक लगाउन सकिनेछ ।

११. टोल विकास संस्था गठन नभए सम्मका लागि स्थानीय समुदायलाई टोल विकास संस्थाको रुपमा विकास गर्न सकिनेछ ।

**७. <u>विशेष सरसफाई क्षेत्र तोक्न सक्ने</u> :-**

१) नगरको सौन्दर्यतालाई बचाई नगरको इज्जत प्रतिष्ठा बृद्धिका लागि नगरको मुख्य भाग, सार्वजनिक ऐतिहासिक मठ मन्दिर एवं प्राकृतिक सौन्दर्य क्षेत्रलाई चार किल्ला तोकी नगरपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ ।

२) विशेष सरसफाई क्षेत्र घोषणा भएको महत्व र संवेदनशीलतालाई ध्यानमा राखी नगरपालिकाले त्यस्तो स्थानमा कुनै पनि किसिमको फोहर मैला फाल्न, थुपार्न वा अनुसुची-१ बमोजिमको कुनै काम गर्न गराउन निषेध गर्न सक्नेछ ।

३) कुनै टोलविकास संस्था वा वडा समिति वा सामाजिक संघ संस्थाबाट विशेष सरसफाई क्षेत्र तोक्न अनुरोध भई आएमा समितिको सिफारिसमा नगरकार्यपालिकाले विशेष सरसफाई क्षेत्र तोक्न सक्नेछ ।

**८. <u>फोहर उत्पादन गर्ने प्रकृतिका व्यवसाय संचालन</u> :**

१) नगरपालिका क्षेत्रभित्र इजाजत लिएर व्यवसाय संचालन गर्दा सार्वजनिक जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका ब्यवसाय जस्तै होटल, रेष्टुरा, मिठाई पसल, माछामासु बिक्री पसल आदि सञ्चालन गर्ने ब्यक्तिले देहाय बमोजिमको ब्यवस्था गर्नुपर्नेछ ।

क) व्यवसाय संचालन गरिने स्थल स्वच्छ र सफा राख्नु पर्नेछ ।

ख) बिक्री गर्ने बस्तु वा खानेकुरालाई राम्रो संग छोपेर वा जालि भएको दराजमा बन्द गरी राख्नु पर्नेछ । अन्यथा बिक्री वितरणमा नगरपालिकाले रोक लगाउन सक्नेछ ।

ग) काम गर्ने व्यक्तिको व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु पर्नेछ

घ) खाने बस्तु तयार गर्ने, पकाउने र भाडा माझ्ने ठाउँ बिक्री गर्ने वा खाने ठाउँ भन्दा कम्तिमा ५ मिटरको दुरीमा हुनु पर्नेछ ।

ङ) पसलको भुई, पकाउने ठाउँ सजिलो संग सफा गर्न हुने र गर्न सकिने हुनु पर्दछ साथै पसलमा प्रयाप्त मात्रामा स्वच्छ पानीको नियमित आपुर्ति भएको हुनु पर्नेछ ।

च) पकाउने, खाना ल्याउने (वेटर), प्याक गर्ने, तौलने व्यक्तिलाई एप्रोन लगाउन नगरपालिकाले क्रमशः अनिवार्य गर्न सक्नेछ ।

छ) खाने, पकाउने र पसलमा प्रयोग हुने औजार तथा भाडाकुडा सफा गरी सकेपछि त्यसलाई पोटास पानीमा पखालेर सफा कपडाले पुछेर मात्र पूनः प्रयोगमा ल्याउनु पर्नेछ ।

ज) खाने ठाउँको टेवल सफा गर्दा एन्टिसेप्टीक औषधीको प्रयोग गर्नु पर्नेछ ।

झ) काम गर्ने व्यक्तिहरुको हरेक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराउनु पर्नेछ । घातक सरुवा रोग लागेको व्यक्तिलाई काममा लगाउन पाइनेछैन ।

ञ) वासी सडेगलेका तथा झिंगा भन्केको खानेकुरा वा स्वास्थ्यका लागि हानीकारक भनि प्रमाणित रंग, रसायन वा अन्य कुनै अखाद्य बस्तु प्रयोग गरिएको खानेकुरा, वासी सडेगलेका, झिंगा भन्केका माछा मासु, रोगलागि मरेका पशुपन्छीको मासु वा वासी मासु बेच्न पाइनेछैन ।

ट) पसल अगाडीको नालामा नियमित रुपमा सफा गर्नुका साथै फिनेल वा किटनासक औषधी छर्किनु पर्नेछ ।

ठ) पसल र कोठाहरु पर्याप्त मात्रामा हावा र प्रकाश छिर्ने गरी बनाइएको हुनु पर्नेछ ।

ड) पसलमा व्यवस्थित शौचालयको समुचित प्रवन्ध भएको हुनु पर्नेछ ।

ढ) पसलमा बिक्री गरिने बस्तुहरुको मुल्य सूची, नगरपालिकाबाट प्राप्त इजाजत–पत्र सबैले देख्ने ठाउँमा अनिवार्य रुपले राख्नु पर्नेछ ।

ण) पसलहरु विशेष परिस्थितिमा बाहेक विहान ५ बजे देखि राती १० बजेसम्म मात्र खुल्ला राख्न पाइनेछ ।

त) पसलबाट निस्किएको फोहरलाई व्यवस्थित गर्न डष्टवीन, कन्टेनरको व्यवस्था गर्नु पर्नेछ ।

थ) कुहिने जातीको फोहरलाई कम्पोष्टवीनमा राखी कम्पोष्टीङ्ग गर्ने व्यवस्था व्यवसायी आफैले मिलाउनु पर्नेछ ।

द) होटल अगाडि वा सडक किनारामा चुलो बाल्न, सेकुवा आदि पोल्न पाईनेछैन ।

ध) उपभोक्ता संरक्षण ऐन नियमको उलंघन नहुने गरी उद्योग व्यापार व्यवसाय गर्नु पर्नेछ ।

२) एकै प्रकृतिका व्यवसायलाई एउटै क्षेत्रमा संचालन गर्दा फोहर मैला व्यवस्थापन कार्यमा सरलता आउने हुँदा फोहर बढी मात्रामा पैदा हुने व्यवसायहरु जस्तैः तरकारी पसल, माछा मासु पसल, कपाल काट्ने शैलुन, जस्ता व्यवसायहरु नगरपालिकाले निश्चित क्षेत्रमा मात्र व्यवसाय गर्न पाउने गरी क्षेत्र निर्धारण गर्न सक्ने वा नगरपालिकाको निश्चित क्षेत्रमा कुनै व्यवसाय संचालन गर्न निषेध गर्न सक्नेछ ।

३) पशुबध गर्दा नगरपालिकाले तोकेको स्थानमा बध गरी सके पछि त्यसबाट निस्किएको फोहरमैला नगरपालिकाले तोकेको स्थानमा लगी जम्मा वा अन्तिम नष्ट गर्नु पर्नेछ । यो सुविधा उपलब्ध गराए वापत नगरपालिकाले सरसफाई सेवा शुल्क लगाउन सक्नेछ ।

४) नगरको मुख्य क्षेत्र वा मन्दिर वा सामुदायिक विद्यालय वा क्याम्पस वा अस्पताल वा सरकारी भवन वा सार्वजनिक शौचालय आदि को १०० (सय) मिटर वरपर माछा मासु काटमार वा बिक्री वितरण गर्न पाईनेछैन ।

## परिच्छेद-४

९. **सार्वजनिक नीजि साझेदारी सम्बन्धी व्यवस्था** : सार्वजनिक नीजि साझेदारी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

१) नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सकिनेछ ।

२) यसरी सार्वजनिक नीजि साझेदारीको अवधारणामा कार्य गर्दा गराउँदा ऐन, स्थानीय सरकार संचालन ऐन २०७४ लगायत अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

३) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहने गरी व्यवस्थापन गरिनेछ ।

४) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा सके सम्म स्थानीय स्तरमा रहेका नीजि क्षेत्रलाई साझेदारको रुपमा लिइनेछ ।

५) स्थानीय क्लब, सामुदायिक संस्था, टोलविकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा अन्य स्थानीय तथा बाह्य संघ संस्थाहरुलाई नीजि क्षेत्रका रुपमा लिन सकिनेछ ।

६) फोहरमैला व्यवस्थापन गर्न सार्वजनिक नीजि क्षेत्रको व्यवस्थापनका लागि बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा सकिनेछ ।

७) उपदफा (६) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

क) नगरपालिकालाई बुझाउन कबुल गरेको रकम,

ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

ग) आर्थिक तथा प्राविधिक क्षमता,

०७६।०३।८

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूर पश्चिम प्रदेश, नेपाल

घ) फोहरमैला व्यवस्थापनमा अप्नाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मन्जुर गरिएको रोयल्टी,

८. बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

९. फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौता अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

१०. विभिन्न स्थानमा फरक फरक नीजि क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एक रुपता ल्याउनका लागि सबै साझेदारहरुको संलग्नतामा नगरपालिका स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था नगरपालिकाले मिलाउनेछ ।

११. फोहरमैला व्यवस्थापन गर्न नगरपालिकाले फोहरमैला उत्पादक सँग नगरपालिकाले तोके बमोजिम सरसफाई सेवा शुल्क लिईनेछ ।

१२. सहज र सरल रुपमा फोहरमैलाको व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले नगरवासीलाई पारिवारिक परिचय पत्र उपलब्ध गराउन सक्नेछ । यसरी परिचय पत्र उपलब्ध गराउँदा नगरपालिकाले उक्त परिचय पत्रको बहु उपयोग हुने गरी तयार गर्नेछ र यसको प्रयोग नगरपालिकाको सम्पुर्ण सेवा सुविधा सँग जोडन सक्नेछ ।

## परिच्छेद - ५

## प्लाष्टिकजन्य बस्तुहरुको प्रयोग र नियमन सम्बन्धी व्यवस्था

१०. **प्लाष्टिक झोला प्रयोग गर्न वा प्लाष्टिकजन्य वस्तुहरुमा प्रतिबन्ध लगाउन सकिनेछ ।**

१) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको प्लाष्टीकको झोला, थैला आदि विक्री वितरण तथा प्रयोगमा रोक लगाईनेछ ।

२) माछा, मासु, बिस्कुट, पाउरोटी, चाऊमीन आदि बस्तुहरु कम गुणस्तरको प्लाष्टिकको झोला आदिमा पोकोपारी वा बण्डल बाँधी वा प्याक गरी बिक्री वितरण वा प्रयोग गर्न पाइनेछैन ।

३) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका बस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भै आएका प्लाष्टीक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन, बस्तीमा फ्याक्न पाइनेछैन ।

४) उपदफा (३) बमोजिम कम्पनीबाट प्याकिङ्ग भई आएका प्लाष्टिकजन्य वस्तुहरु एकत्रित गरी नगरपालिकाको सरसफाई टोलीलाई छुट्टै जिम्मा लगाउनु पर्नेछ वा आफैले विसर्जन गर्नु पर्नेछ ।

५) पुर्नप्रयोग वा पुनःचक्रण गर्न नसकिने प्रकृतिका प्लाष्टिक झोलाहरुको प्रयोगमा नगरपालिकाले पुर्ण रुपमा रोक लगाउन सक्नेछ ।

०८२/०३/०८

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूर पश्चिम प्रदेश

६) कुनै चिजवस्तु प्याकिङ्ग भई आएका प्लाष्टिकजन्य पदार्थहरु प्रयोगकर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई बिक्रि वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

७) पुर्नप्रयोग तथा पुनःचक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोगकर्ताले आफै बिक्रि वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहरमैलामा नमिसाई नगरपालिकाले तोकि दिएको स्थान सम्म पुर्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोगकर्ताको हुनेछ ।

८) प्लाष्टिकजन्य बस्तुहरु नगरपालिकाले तोकि दिएको स्थानबाट मात्र पुर्नचक्रणको लागि संकलन गर्न सकिनेछ । यसरी संकलन गर्दा नगरपालिकाले तोकिदिएको शुल्क तिर्नु पर्ने व्यवस्था लागु गर्न सकिनेछ ।

९) कुनै पनि प्रकारका प्लाष्टिकजन्य वस्तुहरु अन्य फोहरमैला सँग मिसाई राख्न पाइनेछैन । यसलाई छुट्टै पोका, भाँडा वा वोरामा राखी नगरपालिकाबाट खटिने फोहरमैला संकलकलाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद ६

आर्थिक व्यवस्थापन

११. **कोषको स्थापना तथा संचालन** : १) महाकाली नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सम्पादन गर्न नगरपालिकामा वातावरण व्यवस्थापन विशेष कोष स्थापना गरिनेछ ।

२) फोहरमैला व्यवस्थापनको कार्यका लागि हरेक नगरसभाबाट आवश्यक रकम वातावरण व्यवस्थापन विशेष कोषमा विनियोजन गरिनेछ ।

३) वातावरण व्यवस्थापन विशेष कोषमा देहाय बमोजिम श्रोतबाट प्राप्त रकम रहनेछ

क) नगरसभाबाट विनियोजन गरेको रकम,

ख) नेपाल सरकारबाट प्राप्त हुने रकम,

ग) राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम

घ) नगरपालिकाले तोकेको सरसफाई सेवा शुल्कबाट संकलित रहक

ङ) सार्वजनीक नीजि साझेदार संस्थाहरुबाट प्राप्त रकम

च) छाडा पशुपंक्षी लिलाम बिक्रीबाट प्राप्त रकम

छ) विविध कोष ।

४) नगर क्षेत्रमा उतपादन हुने फोहरमैलाको व्यवस्थापन र जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमका लागि उक्त रकम खर्च गरिनेछ ।

५) वातावरणीय व्यवस्थापन विशेष कोषको रकम कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

६) वातावरण व्यवस्थापन विशेष कोषका खाता संचालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

७) कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८) फोहरमैला व्यवस्थापनका लागि विनियोजन भएको रकम वा कोषको रकम वातावरणीय सरसफाई तथा फोहरमैला व्यवस्थापन प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाइनेछैन ।

९) व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरुले नगरपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन ।

## परिच्छेद - ७

### १२. वातावरण संरक्षण एवम जलवायु अनुकूलनका सम्बन्धमा :-

१) नगरपालिकालाई हरियाली हराभरा बनाउनका लागि टोल विकास संस्था वा उपभोक्ता समिति वा सामाजिक संघ संस्था वा वडावासीहरुले आ-आफ्नो टोल, सडक किनार सार्वजनिक स्थलमा बृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ ।

२) आफ्नो भवन अगाडी सार्वजनिक स्थान, सडक किनारामा आफै बृक्षारोपण गरी संरक्षण गरी ५ फिटको रुखजातिको बिरुवा हुर्काएमा नगरपालिकाले प्रति विरुवाको हिसावले पुरष्कारको व्यवस्था गर्ने छ । तर बृक्षारोपण गरेको अवस्थामा नगरपालिकालाई जानकारी गराएको हुनु पर्नेछ ।

३) भवन निर्माण इजाजत-पत्र दिदा घरको परिसर भित्र कम्तिमा २ (दुई) वटा रुखजातिका बिरुवा रोप्न नगरपालिकाले अनिवार्य गर्न सक्नेछ ।

४) सार्वजनिक स्थल र सडक किनारामा बृक्षारोपण गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५) जलवायु परिवर्तनबाट पर्ने प्रतिकुल असरलाई न्युनीकरण गर्न नगरपालिका आफैले वा विभिन्न साझेदारहरु सँग समन्वय गरी अनुकूलन कार्यक्रमहरु संचालन गर्नेछ ।

६) सडक लगायतका सार्वजनिक निमार्ण गर्दा बृक्षारोपण गर्ने विषयलाई आयोजनाको अभिन्न अंगको रुपमा स्थापित गरिनेछ ।

## परिच्छेद - ८

## छाडा पशुपंक्षी व्यवस्थापन

**१३. <u>छाडा तथा बहुला कुकुर नियन्त्रण</u>** :- नगर क्षेत्र भित्रका छाडा तथा बहुला कुकुर देहाय बमोजिम नियन्त्रण गरिनेछन् ।

१) नगरवासीले पालेको कुकुरलाई आफ्नै घरपेटीमा अनिवार्य रुपले बाँध्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) नगरवासीले पालेको कुकुरलाई समय समयमा रेविज विरुद्धको सुई लगाउनु पर्नेछ । नगरपालिकाले रेविज विरुद्धको सुई लगाउने अभियान संचालन गर्न सक्नेछ ।

३) पेटी नवाधिएका वा छाडा छाडिएका वा बहुला कुकुरहरु नगरपालिकाले मार्न लगाउन सक्नेछ ।

४) घर पालुवा कुकुरहरुले गर्ने फोहर सम्बन्धित धनिले नै व्यवस्थापन गर्नु पर्ने छ । यसरी व्यवस्थापन गर्दा सार्वजनिक जग्गा वा सडक क्षेत्रमा गर्न पाईनेछैन ।

**१४. <u>छाडा पशुपंक्षी नियन्त्रण</u>** : नगर क्षेत्र भित्रका छाडा पशुपंक्षीहरु देहाय बमोजिम प्रक्रिया अप्नाई नियन्त्रण गरिनेछ ।

२०७८/०५/१८

१) विभिन्न किसिमका महामारी फैलन सक्ने, वाली विरुवा नोक्सान पार्ने, सार्वजनिक यातायात पैदलयात्रीहरुलाई कठीनाई पुऱ्याउने वा नगरक्षेत्रको स्वच्छता र सौन्दर्यतामा खलल पुऱ्याउने हिसावबाट सुंगुर वंगुर हाँस, घोडा, खच्चर, गधा, गाई, भैसी, बाखा जस्ता चौपाया र पंक्षी छाडा छोड्न पाइनेछैन ।

२) नगरको सौन्दर्यता र जनस्वास्थ्यलाई ध्यानमा राखी विशेष क्षेत्रमा पशुपंक्षी पाल्न नगरपालिकाले रोक लगाउन सक्नेछ ।

३) नगरपालिकाले नगरक्षेत्र भित्र छाडा छाडिएका चौपायालाई पक्राउ गरी कान्जीहाउसमा राख्नेछ ।

४) कान्जीहाउसमा थुनामा रहेको चौपाया बारे ७ (सात) दिने सार्वजनिक सूचना गरी लिन आउने अन्यथा लिलाम विक्री हुने सार्वजनिक सूचना गर्नेछ ।

५) ७ दिनको म्याद भित्र चौपाया धनीले चौपाया बुझी नलगेमा त्यस्को ३ दिन भित्र सार्वजनिक लिलाम बढावढ गरी कार्यालयले लिलाम बिक्री गर्नेछ ।

६) कान्जीहाउसको महसुल दर नगरपालिकाले तोके बमोजिम हुनेछ ।

७) लिलाम बिक्रीबाट प्राप्त रकम कसैको क्षतिपूर्ति दिनु पर्ने भए दिई बाँकी सम्पूर्ण रकम नगरपालिकाको कोषमा जम्मा गरी आम्दानी बाधिनेछ ।

८) लिलाम बिक्रीको सम्पूर्ण प्रकृया पुरा गर्दा पनि कुनै चौपाया लिलाम बिक्री हुन नसकेमा नगरपालिकाले प्रचलित कानूनले निषेध गरेका चौपाया बाहेकलाई विसर्जन वा जुनसुकै प्रकृया अवलम्वन गरी नगर बाहिर पुऱ्याउन सक्नेछ ।

## १५. लास जलाउने, गाड्ने र मरेका चौपाया गाड्ने

१) नगरपालिकाले नगर र नगरवासीको हित, समुन्नति, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाह तथा शव गाड्ने स्थल तोक्न सक्नेछ ।

२) नगरपालिकाले तोकेको स्थल वाहेक अन्यत्र शवहरु दाहसंस्कार गर्न वा गाड्न पाइने छैन ।

३) सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी लास जलाउँदा पुरै जलाउनु पर्नेछ तथा गाड्ने संस्कार भएकाले पनि कुनै जनावरले खोतल्न नसक्ने गरी गाड्नु पर्नेछ ।

४) नगरपालिकाले सार्वजनिक स्वास्थ्य स्थितिलाई ध्यानमा राखी मरेका चौपाया पंक्षी गाड्ने स्थल तोक्न सक्नेछ । तोकेको स्थल वाहेक अन्यत्र गाड्न पाइनेछैन ।

५) नगरपालिकाले तोकेको स्थलमा शवहरु दाहसंस्कार गर्दा वा गाड्दा वा मरेका चौपायाहरु गाड्दा नगरपालिकाले सेवा शुल्क निर्धारण गर्न सक्नेछ । यस प्रकारको सेवाको उपयोग गरेको अवस्थामा तोकिएको शुल्क बुझाउनु पर्नेछ ।

## १६. तुल, साइनवोर्ड सम्वन्धी ब्यवस्था

१) नगरपालिकाको स्वीकृति बिना नगरपालिका क्षेत्र भित्रको सार्वजनिक वा पर्ति जमीन वा खम्वा, ल्याम्प पोष्ट, पर्खाल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा छतमाथि

आफ्नो उद्योग व्यवसाय, व्यापारको विज्ञापन वा प्रचार प्रसार हुनेगरी तुल, साइनवोर्ड, होडिङ्गवोर्ड वा अन्य कुनै प्रचार सामग्री खडा गर्न वा जडान गर्नु हुँदैन ।

२) सामाजिक सद्भाव अभिबृद्धि गर्न वा सार्वजनिक स्वास्थ्य वा उपयोगिताको दृष्टिबाट कुनै तुल, साइनवोर्ड, होडिङ्गवोर्ड वा अन्य यस्तै प्रचार सामग्री हटाउन उपयुक्त छ भन्ने लागेमा त्यस्तो गर्न सम्वन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ र सो आदेशको पालना गर्न सम्वन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

३) नगरपालिकाले सार्वजनिक वा पर्ति जमीन वा खम्वा, पर्खाल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा छत माथि आफ्नो उद्योग व्यवसाय वा व्यापारको विज्ञापन वा प्रचार प्रसार हुने गरी साइनवोर्ड तुल, होडिङ्गवोर्ड वा अन्य यस्तै प्रचार सामग्री खडा गर्न वा जडान गर्न तोकिएको शुल्क बुझाएमा म्याद तोकी इजाजत दिन सक्नेछ । तर नगरको सुन्दरता र सुरक्षामा आँच आउने गरी इजाजत दिईनेछैन ।

४) सार्वजनिक स्वास्थ्यमा हानी पुऱ्याउने खाल्का धुम्रपान, मध्यपान, सुर्ती जस्ता विज्ञापन वा प्रचारका तुल, पर्चा, होडिङ्गवोर्ड, साइनवोर्ड वा अन्य यस्तै प्रचार सामग्री खडा गर्न वा जडान गर्नमा नगरपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।

परिच्छेद–९
विविध

१७. नगरपालिका क्षेत्र भित्र रहेका खोलानाला पोखरी, दह, तलाउ, ताल आदिमा विषदी वा विद्युतीय धराप प्रयोग गरी माछा मार्न पाइने छैन ।

१८. फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु नगरपालिकाको आवधिक योजना तथा नगर विकास योजनामा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

**१९. उपभोक्ता हित संरक्षण समिति गठन :-**

१) नगरपालिकाले उपभोक्ताको हक हित संरक्षण गर्न नगर प्रमुखको संयोजकत्वमा सम्वद्ध सरकारी गैह्सरकारी निकायका प्रतिनिधि, प्रहरी प्रशासनका प्रतिनिधि, उपभोक्ता संस्थाका प्रतिनिधि, स्वास्थ्य निकाय र उद्योग बाणिज्य संघका प्रतिनिधि, नीजि क्षेत्रका प्रतिनिधि, टोलविकास संस्थाका प्रतिनिधि सदस्य सहभागि रहेको उपभोक्ता हित संरक्षण समिति गठन गर्न सक्नेछ ।

२) उपदफा (१) गठित समितिले उपभोक्ता तथा उपभोगकर्ताहरुलाई चेतनशिल, जागरुक बनाउन कार्ययोजना तयार गरी कार्यक्रमहरु संचालन तथा कार्यान्वयन गर्न सक्नेछ ।

**२०. दण्ड सजाय तथा पुरस्कार सम्बन्धी व्यवस्था :**

१) नगरपालिका क्षेत्र भित्र जथाभावी फोहरमैला गर्ने वा ऐन, नियमावली र कार्यविधिको प्रवधानलाई उलंघन गर्ने व्यक्ति, संघ संस्थालाई सो नगर्न नगरपालिकाले सूचना गर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्राप्त गरी सकेपछी पनि सम्पर्क नगर्ने वा निर्देशन, सूचनाको उलंघन गर्ने व्यक्ति संघ संस्थाको नाम नगरपालिकाले कालो सूचिमा दर्ता गर्नेछ ।



महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूर पश्चिम प्रदेश, नेपाल

०७६।०३।०८

३) उपदफा (२) बमोजिम कालो सूचिमा परेको व्यक्ति संघ संस्थाले तोकिएको कार्य नगरे सम्मका लागि वडा समिति तथा नगरपालिकाबाट दिईने सिफारिस वा कुनै सुविधा प्रदान गरिनेछैन । साथै सरकारी बाँकी सरह असुल उपर गर्नका लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही अघि बढाईनेछ ।

४) ऐन तथा नियमावली बमोजिम तोकिएको कामकुराहरु उलंघन गर्ने ब्यक्ति वा संघ संस्थालाई सोही ऐन नियमावलीमा तोकिए बमोजिमको दण्ड जरीवाना हुनेछ ।

५) कार्यविधिमा उल्लेख भएका काम कुराहरुको उलंघन गर्ने ब्यक्ति ब्यवसायी, संघ संस्थालाई नगरप्रहरी वा सम्वन्धित शाखाबाट प्रतिवेदन तयार गरी सम्वन्धित वडा समितिको सिफारिसमा नगर कार्यपालिकाले तोके बमोजिम दण्ड जरीवाना वा सजाय गर्नु पर्नेछ ।

६) ठोस फोहरमैला ब्यवस्थापन र सरसफाईमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोलविकास संस्था वा सामाजिक संघ संस्थालाई समितिको सिफारिसमा नगरकार्यपालिकाकाको निर्णय अनुसार पुरष्कृत र प्रोत्साहित गर्न सकिनेछ ।

७) नगरक्षेत्र भित्र छाडा छाडिएका चौपायाहरु समातेर ल्याउने कर्मचारी, ब्यक्ति, संघसंस्थालाई समितिको सिफारिसमा नगरकार्यपालिकाकाको निर्णय अनुसार पुरष्कृत र प्रोत्साहित गर्न सकिनेछ ।

२१. कार्यविधिमा उल्लेख भएको कुराहरुमा सोही बमोजिम र अन्य कुराहरुको हकमा ऐन र नियमावली बमोजिम भए नभएको निरीक्षणका लागि नगरपालिकाबाट जनप्रतिनिधि, पदाधिकारी, कर्मचारी तथा नगरप्रहरी निरीक्षण गर्न आएको समयमा घरधनि वा मेनेजर वा सम्वन्धित अधिकार प्राप्तब्यक्तिले निरीक्षण कार्यमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

२२. **कार्यविधि संशोधन सम्बन्धी व्यवस्था** : यस कार्यविधिमा संशोधन गर्नु पर्ने वान्छनीय भएमा कार्यपालिकाबाट थपछट वा संशोधन गर्न सकिनेछ ।

२३. **बचाउ तथा खारेजी :-**

१) यस कार्यविधिमा लेखिए बमोजिमको हकमा यसै बमोजिम लागु हुनेछ ।

२) ऐन तथा नियमावलीमा उल्लेख भए जति सोही बमोजिम लागु हुनेछ ।

३) उपदफा (१) र (२) उल्लेख भए बमोजिम वाहेक अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

०७५/०३/०८
नगर प्रमुख

## अनूसूची - १

नगरपालिकाले निश्चित क्षेत्रमा संचालन गर्न निषेध गर्न सक्ने कार्य वा व्यवसायहरु

१. सुंगुर, वंगुर, हाँसपालन आदि व्यवसायहरु

३. माछा मासु पसलहरु

४. चर्को आवाज, ध्वनी तथा बढी मात्रामा धुलो निस्कने खालका फर्निचर आदि व्यवसाय

५. ग्रीलपत्ती काट्ने, सडकको वरपर खुल्लारुपमा फलामको वेल्डिङ्ग गर्ने कार्य वा व्यवसाय

६. मुख्य, मुख्य सडकमा मेकानिकल वर्कसप, टायर मर्मत आदि कार्य वा व्यवसायहरु

७. नगरको सौन्दर्य वा जनस्वास्थ्यमा असर पार्ने खालका अन्य कुनै कार्य वा उद्योग वा व्यवसायहरु

०७५/०६/०८

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूर पश्चिम प्रदेश, नेपाल

नगर प्रमुख